विराटनगर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०८२/०९/१८ मा बसेको बैठकका एजेन्डा र निर्णयहरूः-

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| १ | गत कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन समीक्षा सम्बन्धमा। | गत नगर कार्यपालिका बैठकका निर्णयहरूको कार्यान्वयन सम्बन्धमा छलफल तथा समीक्षा गरियो। |
| २ | नगर सभाको अधिवेशन सम्बन्धमा। | स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ को उपदफा (१) एवम् कोशी प्रदेशको गाउँ सभा र नगर सभा सञ्चालन कार्यविधि ऐन, २०७५ को दफा ३ को उपदफा (१) र (२) बमोजिम विराटनगर महानगरपालिका, नगर सभाको सत्रौं अधिवेशन देहाय अनुसारको मिति, समय र स्थानमा सभाको बैठक प्रारम्भ हुनेगरी आह्वान गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>**सभाको बैठक बस्ने मिति, समय र स्थानः-**<br>(क) मिति : २०८२/०९/२४ गते, बिहीबार<br>(ख) समय : दिउँसो १:०० बजे<br>स्थान : वीरेन्द्र सभागृह |
| ३ | विविध। | (क) जिल्ला मोरङ, विराटनगर महानगरपालिका वडा नं. ४ स्थित शिवम् डेरी एण्ड फुड इण्डष्ट्रिज प्रा.लि.ले उद्योग सञ्चालनका लागि हाल विराटनगर ४, साविक कञ्चनबारी १(क) मा जयश्री संचेतीको नाममा दर्ता कायम रहेको कि.नं. ३०४९ को जग्गाबाट ०-३-१२-१ (बिघा) र कंचनदेवी संचेतीको नाममा दर्ता कायम रहेको कि.नं. ३०४७ को जग्गाबाट ०-०-७-३ (बिघा) गरी जम्मा ०-४-०-० (बिघा) क्षेत्रफलको जग्गा खरिद गर्ने भएकोले सम्बन्धित वडा कार्यालयको सिफारिससहित रजिष्ट्रेसन शुल्कमा नियमानुसार पाउने छुटका लागि सिफारिस माग गरेको हुँदा र उक्त उद्योग कृषिमा आधारित उत्पादनमूलक (दूध तथा दुग्धजन्य पदार्थको उत्पादन गर्ने) उद्योग भएकोले सोही उद्देश्य अनुरुप उल्लिखित जग्गाको प्रयोग गर्नेगरी कोशी प्रदेश आर्थिक ऐन, २०८२ को दफा २(१) सँग सम्बन्धित अनुसूची-१ को बुँदा (ङ) को क्र.सं. (५) मा भएको व्यवस्था बमोजिम उक्त जग्गाको लिखत पारित गर्दा सोमा लाग्ने रजिष्ट्रेसन शुल्कमा छुट दिनका लागि भूमिसुधार तथा मालपोत कार्यालयलाई सिफारिस गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>(ख) विराटनगर महानगरपालिकाको सङ्गठन संरचना वा दरबन्दी सृजना गर्न तथा सङ्गठन संरचना वा दरबन्दीमा पुनरावलोकन वा हेरफेरका लागि सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण गर्ने प्रयोजनार्थ कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ६ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम देहाय अनुसारको सिफारिस समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक<br>२. श्री रामप्रसाद ढुङ्गेल, उपसचिव (अधिकृत दशौं) - सदस्य<br>३. श्री सरोज कुमार गौतम, अधिकृत आठौं - सदस्य |

| क्र.सं. | एजेन्डा | निर्णयको ब्यहोरा |
|---|---|---|
| | | ४. श्री संजिव कुमार भट्टराई, लेखा अधिकृत आठौं - सदस्य<br>५. श्री अर्जुन थपलिया, अधिकृत आठौं - सदस्यसचिव<br><br>(ग) विराटनगर महानगरपालिका अन्तर्गतको महानगर अटिजम सेवा केन्द्र सञ्चालनका लागि आवश्यक पर्ने जनशक्तिको किसिम तथा सङ्ख्या यकिन गरी अस्थायी दरबन्दी सिफारिस गर्नका लागि कोशी प्रदेशको स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा ६ को उपदफा (५) मा भएको व्यवस्था बमोजिम देहाय अनुसारको सिफारिस समिति गठन गर्ने सर्वसम्मतिले निर्णय गरियो।<br><br>१. प्रमुख प्रशासकीय अधिकृत - संयोजक<br>२. श्री संजिव कुमार भट्टराई, लेखा अधिकृत आठौं - सदस्य<br>३. श्री अर्जुन थपलिया, अधिकृत आठौं - सदस्यसचिव<br><br>(घ) सम्वत् २०८२ साल भदौ २३ र २४ गते जेन-जी आन्दोलनको क्रममा भएको तोडफोड तथा आगजनीबाट कार्यालयको जिन्सी मौज्दातमा रही नष्ट भएका क्षतिको मूल्याङ्कन गर्न गठन गरिएको समितिबाट मूल्याङ्कित रु.८८,५१,८३१।- (अठासी लाख एकाउन्न हजार आठ सय एकतिस) बराबरको खर्च भएर जाने सामग्रीहरू मिनाहा गरी अभिलेखबाट हटाउने सर्वसम्मतिले निर्णय गरियो। |

विराटनगर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
विराटनगर, मोरङ
कोशी प्रदेश, नेपाल

अधिकृत आठौं